हरिवन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही

मधेश प्रदेश, नेपाल

प.सं.: २०८३/०८४

च.न.:

मिति: २०८३/०७/१०

विषय: उच्च सतर्कता अपनाउने सम्बन्धमा अति जरुरी सूचना।

नेपाल मौसम विज्ञान विभागबाट प्राप्त मौसमी विशेष बुलेटिन तथा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी उच्च सतर्कताको अनुरोध अनुसार बंगाली खाडीमा विकसित 'अर्नब' चक्रवातको प्रभावले आगामी कार्तिक ११ गते बुधबार रातिबाट कार्तिक १४ गते शनिबारसम्म मधेश प्रदेश लगायत देशका विभिन्न भू-भागमा चट्याङ, हुरीबतासससहित मध्यमदेखि भारी वर्षा र बाढीको उच्च जोखिम रहेको छ। तसर्थ, यस हरिवन नगरपालिका क्षेत्रभित्र हुन सक्ने सम्भावित धनजनको क्षति न्यूनीकरण गर्न तथा विपदबाट सुरक्षित रहन सम्पूर्ण नगरवासी, किसान दाजुभाइ तथा दिदीबहिनीहरूमा उच्च सतर्कता अपनाउनुहुन र पूर्वतयारीका कार्यहरू गर्न हार्दिक अनुरोध छ। पाकेको धान काट्ने, भित्र्याउने लगायतका कृषि कार्यहरू कार्तिक ११ गते, बुधबार अगाडि नै सम्पन्न गर्नुपर्नेछ र यदि काट्न परिहालेमा पनि थोरै-थोरै गर्दै सुरक्षित स्थानमा भण्डारण (Safe Store) गर्नुपर्नेछ। साथै, नदीनाला किनार तथा सम्भावित बाढीको जोखिमयुक्त क्षेत्रमा बसोबास गर्नुहुने बासिन्दाहरूले उच्च सतर्कता अपनाउने, हुरीबतासको समयमा घर बाहिर ननिस्कने र अनावश्यक यात्रा नगरि सुरक्षित स्थानमा रहने व्यवस्था मिलाउनुहुन अनुरोध छ।

मौसम सम्बन्धी जानकारीको लागी ११५५ मा र विपद सहयोग तथा उद्धारका लागि १२३४, १०० वा ११११४ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

साथै विपजन्य घटनाबाट हुने क्षति जानकारी तथा आकस्मिक अवस्थाको तत्काल सूचना आदानप्रदान, उद्धार, समन्वय तथा सुरक्षा व्यवस्थापनको लागि तपसिल बमोजिमको व्यक्तिहरुलाई सम्पर्क गर्नुहुन अनुरोध छ।

तपसिल

नगर प्रमुख श्री रमेश बुढाथोकी: ९८५४०३७१२१

नगर उप-प्रमुख श्री हरिमाया घलान: ९८४४०३६९१६

प्रमुख प्रशासकीय अधिकृत श्री सरुपा पाण्डे: ९८५४०३४१११

सूचना अधिकारी: ९८५४०३७४९७

विपद् सम्पर्क व्यक्ति: ९८६३४४१३१६

स्वास्थ्य शाखा: ९८४५१३५४६९

इलाका प्रहरी कार्यालय, हरिवन: ९८५४०९०१९४

सशस्त्र प्रहरी बल बेस, हरिवन: ९८५१२४०००५

रमेश बुढाथोकी

(नगर प्रमुख)